# निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समिति

# सुर्खेत

## निर्वाचन प्रहरी (नेपाल प्रहरी/सशस्त्र प्रहरी बल, नेपाल) भर्ना सम्बन्धी एकिकृत सूचना

## मिति २०८२/९/२४

प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि स्वीकृत "निर्वाचन प्रहरी भर्ना छनौट, नियुक्ति तथा परिचालन सम्बन्धी एकीकृत (नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपाल) कार्यविधि-२०८२" अनुसार **निर्वाचन प्रहरी** भर्ना गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट एकिकृत रूपमा दरखास्त आव्हान गरिन्छ।

**१. पद** :निर्वाचन प्रहरी (नेपाल प्रहरी/सशस्त्र प्रहरी बल, नेपाल)

**२. माग पद संख्या** : १८४०

**३. दरखास्त दिने मिति** : २०८२/०९/२५ गतेदेखि २०८२/१०/०१ गतेसम्म, समय विहान १०:०० बजे देखि बेलुका १६:०० बजे सम्म (सार्वजनिक विदाको दिन समेत)

**४. दरखास्त फाराम पाउने र बुझाउने स्थानहरु** :

**क. दरखास्त फाराम पाउने स्थानहरुः**

- जिल्ला प्रहरी कार्यालय, वीरेन्द्रनगर, सुर्खेत
- इलाका प्रहरी कार्यालय, छिन्चु, भेरीगंगा सुर्खेत
- इलाका प्रहरी कार्यालय, बाबियाचौर, पञ्चपुरी सुर्खेत
- इलाका प्रहरी कार्यालय, लेकवेशी, सुर्खेत
- इलाका प्रहरी कार्यालय, बादेपिपिल, सिम्ता, सुर्खेत
- इलाका प्रहरी कार्यालय, अवलचिङ्ग, चिङ्गाड, सुर्खेत
- प्रहरी चौकी, मेहेलकुना, गुर्भाकोट, सुर्खेत
- सशस्त्र प्रहरी बल, नेपाल नं. ३२ गण हे.क्वा. रक्तकाली, सुर्खेत
- सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेश चिप्ले, भेरीगंगा-११, सुर्खेत
- सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेश गुटु, चौकुने-८, सुर्खेत
- सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेश घुमखहरे, गुर्भाकोट-१०, सुर्खेत

**ख. दरखास्त फाराम बुझाउने स्थानहरुः**

- जिल्ला प्रहरी कार्यालय, सुर्खेत
- सशस्त्र प्रहरी बल, नेपाल नं. ३२ गण हे.क्वा. रक्तकाली, सुर्खेत

**५. निर्वाचन प्रहरीमा भर्ना हुन आवश्यक योग्यता र प्राथमिकताका आधार** :

| उमेर हद | आवश्यक योग्यता | निर्वाचन प्रहरी भर्नाको लागि प्राथमिकता |
|---|---|---|
| दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ बर्ष पुरा भई ५४ बर्ष ननाघेको। (२०२८/१०/०१ गतेदेखि २०६४/१०/०१ गतेसम्म) | १. नेपाली नागरिक,<br>२. साधारण लेखपढ गर्न जान्ने,<br>३. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,<br>४. भर्ना हुने समयमा कुनै राजनैतिक दलको सदस्य नरहेको,<br>५. शारीरिक तथा मानसिक रुपले स्वस्थ रहेको,<br>६. आतङ्ककारी एवम् विध्वंसात्मक संगठनको सदस्य नरहेको,<br>७. **पुरुषको** हकमा घटीमा उचाई ५ फिट, छाती ३१-३३ इन्च, तौल ५० के.जी. र **महिलाको** हकमा घटीमा उचाई ४ फिट १० इन्च, तौल ४२ के.जी. भएको,<br>८. महिलाको हकमा गर्भवती नभएको/नरहेको। | १. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको सेवाबाट निवृत्तीभरण वा उपदान प्रास पूर्व सुरक्षाकर्मी वा पूर्व वन रक्षक भएको।<br>२. नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालमा बि.सं. २०८१ माघ १ गतेदेखि २०८२ पौष मसान्तसम्म बिभिन्न पदमा भर्नाको लागि आवेदन दिई शारीरिक तन्दुरुस्ती र स्वास्थ्य परीक्षणमा उतीर्ण भएकाको हकमा प्रवेश पत्र पेश गर्ने व्यक्ति।<br>३. यस अघि सम्पन्न भएका प्रतिनिधी सभा, प्रदेश सभा र स्थानीय तहका निर्वाचनमा म्यादी प्रहरीको रुपमा भर्ना भई सन्तोषजनक काम गरेका व्यक्ति।<br>४. विदेशी मित्र राष्ट्रका सुरक्षा निकायहरुमा काम गरी सेवा निवृत्त नेपाली नागरिक। |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

डिल बहादुर कार्की
जिल्ला अधिकारी

६. सम्पर्क मिति र स्थान :
मिति : २०८२/१०/०४ गते।
स्थान : दरखास्त दर्ता गर्ने कार्यालयहरु।
समय : विहान ११:०० बजे।
७. छनौट सम्बन्धी :

- छनौट प्रारम्भ हुने मिति : २०८२/१०/०५ गते देखि २०८२/१०/०९ गतेसम्म।
- अन्तिम नतिजा प्रकाशन मिति : २०८२/१०/१२ गते।
- प्रशिक्षण (तालिम) सुरु हुने मिति : २०८२/१०/१५ गतेदेखि २०८२/१०/२४ गतेसम्म (सार्वजनिक विदाको दिन समेत)।

८. निर्वाचन प्रहरीको कार्य अवधि :
(क) नियुक्ति पाएको मितिले जम्मा चालिस (४०) दिन वा नेपाल सरकारबाट तोके बमोजिम हुनेछ।
(ख) नेपाल सरकारले निर्वाचन अवधिको आधारमा निर्वाचन प्रहरीको कार्य अवधि हेरफेर गरेमा सोही बमोजिम हुनेछ।

९. निर्वाचन प्रहरीका सेवा तथा सुविधाका शर्त :
(क) निर्वाचन प्रहरीको लागि नेपाल प्रहरी/सशस्त्र प्रहरी जवानको शुरु तलब स्केल सरह प्रतिदिन रु. ८६९।४० (आठसय उन्सत्तरी रुपैया चालीस पैसा) का दरले ४० दिनसम्मको लागि रू. ३४,७७६। (चौतीस हजार सात सय छयहत्तर) रकम उपलब्ध गराईनेछ।
(ख) निर्वाचन प्रहरीलाई सम्बन्धित जिल्लाको नेपाल प्रहरी/सशस्त्र प्रहरीले पाए सरहको दररेट अनुसार प्रति निर्वाचन प्रहरी चालिस दिनको लागि खाद्यान्न वापतको रकम।

(ग) निर्वाचनको क्रममा खटिने निर्वाचन प्रहरीलाई खटिएको ठाँउमा आउने र जाने तयारी स्वरुप प्रति निर्वाचन प्रहरी एक पटकको लागि एकमुष्ट रु. ८४६।- (आठसय छ्यालीस मात्र) का दरले तयारी खर्च उपलब्ध गराईनेछ।
(घ) प्रतिदिन प्रति निर्वाचन प्रहरी रु. ३००।- (तीन सय मात्र) को दरले ४ (चार) दिनको लागि एकमुष्ट रु. १२००।- (बाह्र सय) खाजा खर्च उपलब्ध हुनेछ।
(ङ) नेपाल प्रहरी/सशस्त्र प्रहरी बल, नेपालको प्रधान कार्यालयबाट तोकिए बमोजिमको दररेटको आधारमा पोशाक बापतको रकम उपलब्ध गराईने छ।
(च) निर्वाचन प्रहरीलाई उपलब्ध गराईने सम्पूर्ण सेवा सुविधा वापतको रकम निजको व्यक्तिगत बैंक खातामा उपलब्ध गराईनेछ।
(छ) कर्तव्य पालनको सिलसिलामा निर्वाचन प्रहरी घाईते भएमा निज स्वयंले र मृत्यु भएको खण्डमा निजको नजिकको हकदारले नेपाल सरकारबाट तोकिए बमोजिमको क्षतिपूर्ति प्राप्त गर्नेछन्।
(ज) निर्धारित अवधिभन्दा अगावै गैर हाजिर रहेमा वा जिम्मेवारी पुरा नगरी भागेमा त्यस्तो निर्वाचन प्रहरीलाई कुनै सुविधा बापतको रकम उपलब्ध गराईने छैन।
(झ) कुनै मनासिव कारणले निर्वाचन प्रहरीले करार अवधि भन्दा अगाडि छाड्ने परिस्थिति भएमा २० (बीस) दिन वा सो भन्दा बढी दिन काम गरेको रहेछ भने काम गरेको दिनसम्मको सेवा सुबिधा पाउनेछ।
(ञ) नियुक्तिको प्रकृयामा रहेको अवस्थामा वा नियुक्ति भइसकेको भएतापनि निर्वाचन स्थगित वा रद्द भएमा त्यस्तो नियुक्ति स्वतः रद्द हुनेछ।
(ट) अन्य सुविधाहरु "निर्वाचन प्रहरी भर्ना छनौट, नियुक्ति तथा परिचालन सम्बन्धी एकीकृत (नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपाल) कार्यविधि २०८२" मा व्यवस्था भए बमोजिम हुनेछ।
(ठ) छनौट भएका निर्वाचन प्रहरीलाई जिल्ला स्थित निर्वाचन प्रहरी भर्ना छनोट समितिले आवश्यकता अनुसार नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल तर्फ खटाउन सकिनेछ।

१०. दरखास्त दिने व्यक्तिले ध्यान दिनुपर्ने कुराहरू:
(क) नेपाल प्रहरीतर्फ वा सशस्त्र प्रहरी बल नेपालतर्फ नियुक्तिका लागि एउटै दरखास्त फारमबाट आवेदन गर्नुपर्नेछ।
(ख) सम्पूर्ण परिक्षाहरू एकिकृत रूपमा सञ्चालन हुनेछ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुर्खेत

मितिः- २०८२/०९/२४ गते

.................
डिल बहादुर कार्की
सहायक प्रमुख जिल्ला अधिकारी
(रा.प. द्वितीय)